# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित विवरण

१. **सञ्चालक समितिको वार्षिक प्रतिवेदन**

- सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

२. **लेखापरीक्षकको प्रतिवेदन**

- सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण**

- सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

४. **कानुनी कारबाही सम्बन्धी विवरण**

क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए**

- बैंकको आफ्नो दैनिक व्यवसायिक कारोबारको सिलसिलासँग सम्बन्धित मुद्दा मामिलाहरू बाहेक बैंकलाई अतिरिक्त वित्तीय व्ययभार हुने किसिमका मुद्दा मामिलाहरू नभएको ।

ख) **संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए**

- यस्तो कुनै जानकारी प्राप्त नभएको ।

ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए**

- यस्तो कुनै जानकारी प्राप्त नभएको ।

५. **संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा**

- मुलुकको वर्तमान आर्थिक, सामाजिक एवं राजनीतिक गतिविधिहरूलाई विश्लेषण गरी हेर्दा शेयरको उक्त कारोबार समय सापेक्ष तथा सन्तोषजनक रहेको छ ।

(ख) **गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर सङ्ख्या र कारोबार दिन**

- शेयर कारोबार सम्बन्धी त्रैमासिक विवरण तलको तालिकामा उल्लेख गरिएको ।

| विवरण | २०७५ आश्विन मसान्त | २०७५ पौष मसान्त | २०७५ चैत्र मसान्त | २०७६ आषाढ मसान्त |
|---|---|---|---|---|
| अधिकतम मूल्य (रु.) | २०३ | १९५ | १७४ | १८६ |
| न्यूनतम मूल्य (रु.) | १६३ | १६५ | १५५ | १६२ |
| अन्तिम मूल्य (रु.) | १९१ | १६९ | १७० | १७७ |
| कारोबार शेयर संख्या | १३,३२,९३२ | ८,५२,५२३ | ११,७२,६६२ | २८,३९,५७७ |

६. **समस्या तथा चुनौती**

(क) **आन्तरिक समस्या तथा चुनौती**

बैंकिङ्ग क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुनु, निक्षेपको लागत बढ्दै गएको कारण बैंकको व्याज आम्दानीको अन्तर (Spread) कम हुँदै जानु, दक्ष जनशक्तिले बैंकको सेवा छोड्ने प्रवृति र बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको अभाव, उच्चदरमा पूँजी थप गर्नु पर्ने, अन्य संस्था प्राप्तिसँगै कर्मचारी, शाखा र अन्य कार्यहरू व्यवस्था गर्नु पर्ने जस्ता आन्तरिक समस्या रहेको विद्यमान परिप्रेक्ष्यमा बैंकको मुनाफा वृद्धि गर्ने कार्य थप चुनौतीपूर्ण हुन गएको छ ।

(ख) **बाह्य समस्या तथा चुनौती**

तरलतामा आएको तिव्र उतारचढाब, विश्वव्यापी आर्थिक गतिविधिमा आएको परिवर्तन, निक्षेप तथा कर्जाको व्याजदरमा छिटो छिटो हुने परिवर्तन, न्यून सरकारी खर्च आदि प्रमुख बाह्य समस्या हुन् । यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोबार विस्तार गर्नु चुनौतीपूर्ण रहेको छ ।

(ग) **त्यस्ता समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापकले अवलम्बन गरेको रणनीति :**

- बैंक कर्मचारीहरूको कार्यदक्षता तथा क्षमता वृद्धि गर्न तालिम तथा दक्षता वृद्धिका लागि कार्यहरू गर्ने ।
- सहि ठाउँमा मात्र मितव्ययी रुपमा खर्च गर्ने ।
- निष्क्रिय कर्जा व्यवस्थापन गर्दै कर्जा विविधिकरण गर्ने ।
- कारोबारमा रहेको जोखिमहरूलाई न्यूनीकरण गर्न उचित कार्य योजना तयार गर्ने ।

७. **संस्थागत सुशासन :**

आफ्नो सम्पूर्ण कारोबारमा पारदर्शिता तथा निष्पक्षता कायम गरी नियमनकारी निकायबाट जारी हुने नीति, नियम तथा निर्देशनलाई अनुपालना सहित संस्थागत सुशासन कायम राख्न सञ्चालक समिति तथा व्यवस्थापन सधैं प्रतिवद्ध रहेको छ। आन्तरिक लेखापरीक्षण विभागलाई बैंकको गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा गठित लेखापरीक्षण समितिको मातहतमा राखी स्वतन्त्रतापूर्वक आन्तरिक नियन्त्रण तथा नियमनको काम कारवाहीहरू सम्पादन गर्न सक्ने वातावरण मिलाइएको छ ।

बैंकमा नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायबाट जारी हुने नीति निर्देशनहरूको सजगताकासाथ समयमा नै कायार्न्वयन गर्न बैंक भित्र विभिन्न संयन्त्रहरू रहेको र संस्थागत सुशासनलाई आफ्नो प्रत्येक गतिविधिको अभिन्न अङ्गको रुपमा विकास गरिएको छ । बैंकमा संस्थागत सुशासन कायम राख्ने मुख्य जिम्मेवारी सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतमा रहेको छ ।

८. **विवरणपत्रमा प्रक्षेपण गरिएको र लेखापरीक्षण भएको विवरणहरूमा पन्ध्र प्रतिशत वा सो भन्दा बढी फरक सम्बन्धी विवरण :**

यस बैंकले हकप्रद जारी गर्ने बेला कायम शेयर पूँजी रु.४ अर्ब ७१ करोड ३५ लाख ६४ हजार २ सय १३ को ४० प्रतिशत अर्थात् रु. १ अर्ब ८८ करोड ५४ लाख २५ हजार ७ सय बराबरको प्रति शेयर रु. १००/–अंकित दरका हकप्रद शेयर निष्काशन गर्दा प्रस्तुत विवरण पत्रको प्रक्षेपणमा बैकिङ्ग क्षेत्रमा हुने व्यापार वृद्धिदरमा आधारित भएको र समीक्षा वर्षमा समग्र बैकिङ्ग क्षेत्रको तरलतामा पर्न गएको चापको कारण लगानी योग्य रकमको अभाव हुन गएको र सोको कारण निक्षेपको व्याजदर अत्याधिक वृद्धि हुन गएको साथै, बैंकले विभिन्न संस्थाहरूलाई प्राप्ती (एक्विजिशन) गरेको हुनाले वासलात र नाफा नोक्सानका केही सूचकाङ्कहरू प्रक्षेपणको तुलनामा १५ प्रतिशत भन्दा बढी फरक पर्न गएको छ ।

## बासलात

*रकम रु. हजारमा*

| पूँजी तथा दायित्व | प्रक्षेपित वित्तीय विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | फरक % | १५ % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. शेयर पूँजी | ८,०३,१४,३४ | ८,४१,५४,७२ | ४.७८ | |
| २. जगेडा तथा कोषहरू | ७८,२५,९२ | १,१७,७१,०६ | ५०.४१ | संस्थाहरू प्राप्ति तथा एन.एफ.आर.एस.अनुसार नाफा तथा जगेडा कोष बढेका कारण । |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - | |
| ४. तिर्न बाँकी कर्जा सापट | - | १,६३,४५,९५ | १००.०० | व्यवसायको आवश्यकता अनुसार । |
| ५. निक्षेप दायित्व | ८४,३५,४३,६५ | ६५,४८,८५,९८ | (२२.३६) | व्यवसायमा वृद्धिको कमीका कारण । |
| ६. भुक्तानी दिनु पर्ने बिलहरू | - | - | - | |
| ७. प्रस्तावित नगद लाभाँश | ९६,३७,७२ | ३९,९७,३५ | (५८.५२) | बोनश शेयर निष्काशन गरेको तथा वितरणयोग्य मुनाफाको कमीको कारण । |
| ८. आयकर दायित्व | - | - | - | |
| ९. अन्य दायित्व | ७०,७६,३९ | १,१९,३१,१७ | ६८.६० | दायित्वको स्वरुपमा परिवर्तन भएको कारण । |
| कुल पूँजी तथा दायित्व | ९४,८३,९८,०३ | ७८,३०,८६,२२ | | |

| सम्पत्ति | प्रक्षेपित वित्तीय विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | फरक % | १५ % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. नगद मौज्दात | २,५३,०६,३१ | ५,४०,२६,७४ | ११३.४९ | एन.एफ.आर.एस.अनुसार शीर्षक वर्गीकरणका कारण । |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १०,१२,२५,२४ | ५,४४,७२,९१ | (४६.१८) | निक्षेपमा अपेक्षित वृद्धि हुन नसकेको कारण । |

| सम्पत्ति | प्रक्षेपित वित्तीय विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | फरक % | १५ % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३,७९,५९,४६ | १,०९,९०,०० | (७१.०४) | एन.एफ.आर.एस.अनुसार शिर्षकमा वर्गीकरणका कारण । |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | १,३७,९८,७९ | - | (१००.००) | व्यवसायको माग अनुसार । |
| ५. लगानी | १,८०,११,९० | ५,२५,९१,३७ | १९१.९८ | व्यवसायमा कमीका वर्गीकरणका कारण । |
| ६. कर्जा सापट तथा विल खरिद | ७२,०७,२२,२० | ५९,२३,०२,६२ | (१७.८१) | व्यवसायमा वृद्धिको कमीका कारण । |
| ७. स्थिर सम्पत्ति (खुद) | ८५,६५,९८ | ६३,४४,४४ | (२५.९३) | स्थिर सम्पत्तिको व्यवस्थापन तथा व्यवसायको कारण । |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | १,७६,५६ | (१००.००) | एन.एफ.आर.एस.अनुसार शिर्षकमा वर्गीकरणका कारण । |
| ९. अन्य सम्पत्ति | २,२८,०८,१५ | १,२१,८१,५८ | (४६.५९) | सम्पत्तिको स्वरुपमा भएको परिवर्तनको कारण । |
| **कुल सम्पत्ति** | ९४,८३,९८,०३ | ७८,३०,८६,२२ | | |

## नाफा / नोक्सान हिसाव

*रकम रु. हजारमा*

| विवरण | प्रक्षेपित वित्तीय विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | फरक % | १५ % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. व्याज आम्दानी | ६,४५,५२,०२ | ७,८८,८५,५५ | ५५.६० | एन.एफ.आर.एस.अनुसारको लेखाङ्कन प्रणालीका कारण । |
| २. व्याज खर्च | ४,२५,४६,९५ | ५,२९,६५,१३ | ६७.०१ | व्याजदरमा भएको परिवर्तनका कारण । |
| खुद व्याज आम्दानी | २,२०,०५,०८ | २,५९,२०,४२ | | |
| ३. अन्य सञ्चालन,आम्दानी | ७४,२३,६८ | ५६,८८,०६ | (५.७०) | |
| ४. कर्मचारी तथा अन्य सञ्चालन खर्च | ८१,९५,१९ | १,४४,९७,७० | १००.८१ | शाखा विस्तारमा भएको वृद्धिको कारण । |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | २,१२,३३,५७ | १,७१,१०,७७ | | |
| ५. सम्भावित नोक्सानी व्यवस्थाहरू | २३,५०,२५ | ५७,४३,२५ | १६३.०८ | निष्कृय कर्जाहरूमा भएको वृद्धिका कारण । |
| सञ्चालन मुनाफा | १,८८,८३,३२ | १,१३,६७,५२ | | |
| ६. गैर सञ्चालन आम्दानी / खर्च | १,५२,८२ | (२,८८,८२) | (३०७.८८) | एन.एफ.आर.एस.अनुसारको लेखाङ्कन प्रणालीका कारण । |
| ७. कर्मचारी बोनस व्यवस्था | १७,३०,५६ | ११,०७,८७ | (२२.६४) | मुनाफामा आएको कमीका कारण |
| ८. आयकर व्यवस्था | ५१,९१,६८ | ३२,०६,७६ | (२५.३६) | मुनाफामा आएको कमीका कारण |
| खुद नाफा / नोक्सान | १,२१,१३,९१ | ६७,६४,०८ | | |
| शेयर संख्या (रु. हजारमा) | ८,०३,१४ | ८,४१,५५ | ४.७८ | |
| प्रति शेयर आम्दानी | १५.०८ | ८ | (३५.५९) | |

*नोट : प्रक्षेपित वित्तीय विवरण तत्कालीन लेखामान तथा लेखा नीतिअनुसार भएको र वास्तविक वित्तीय विवरण एन.एफ.आर.एस. अनुसार भएका कारणले वास्तविक वित्तीय विवरणसंग भिन्नता रहन गएको र पूर्ण रुपले तुलनायोग्य नरहेको ।*